# स्थानीय राजपत्र

हुप्सेकोट गाउँपालिकाद्वारा प्रकाशित

खण्ड :१ संख्या : १३ मितिः २०७५/०८/१२


## भाग-२

## हुप्सेकोट गाउँपालिका

नेपालको संविधान बमोजिम हुप्सेकोट गाउँ सभाले बनाएको उल्लेखित बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि २०७५

**प्रस्तावना**

नेपालको संविधानको धारा ४१ मा उल्लिखित ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक ऐन, २०६३ तथा नियमावली,२०६५ समेतमा भएको व्यवस्था बमोजिम ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्न साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची -८ को क्र.स.१६ बमोजिमको कार्य गर्न जारी गरिएको ज्येष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका,२०७५ को बुँदा ९ (क) ले दिएको अधिकार प्रयोग गरी यो ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७५ तयार पारिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

क. यस कार्यविधिको नाम "ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि" २०७५ रहने छ ।

२. परिभाषा

क. "नागरिक" भन्नाले हुप्सेकोट गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने नागरिकलाई बुझिने छ ।

ख. "गाउँपालिका" भन्नाले हुप्सेकोट गाउँपालिकालाई बुझिने छ ।

ग. "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष पुगेका ज्येष्ठ नागरिकलाई बुझिनेछ ।





घ. "प्रमुख" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुखलाई बुझिनेछ ।

ङ. "उप-प्रमुख" भन्नाले हुप्सेकोट गाउँपालिकाको उप-प्रमुखलाई बुझिनेछ ।

च. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हुप्सेकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझिनेछ ।

३. परिचय पत्र प्राप्त गर्ने नागरिक : हुप्सेकोट गाउँपालिकामा स्थायी रुपमा बसोबास गर्ने साठी वर्ष पुगेका कुनै पनि नागरिकले प्राप्त गर्न सक्नेछन् ।

४. परिचय पत्र वितरणको मापदण्ड : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली नियम १५(पन्ध्र) बमोजिम साठी वर्ष उमेर पुगेका नागरिकलाई मात्र परिचय पत्र उपलब्ध गराउन सकिनेछ ।

५. सिफारिसः ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि कुनै सिफारिसको आवश्यक पर्ने छैन ।

६. आवश्यक कागजातः ज्येष्ठ नागरिक परिचय पत्र प्राप्त गर्नको लागि निम्न कागजातहरु आवश्यक पर्नेछ :

क) नागरिकताको प्रमाणित प्रतिलिपि,

ख) अटो साइजको २ प्रति फोटो ।

७. सम्वन्धित शाखा : ज्येष्ठ नागरिक परिचय पत्र वितरणसँग सम्बन्धित कार्य महिला तथा बालबालिका शाखाले सम्पादन गर्नेछ ।

८. परिचय पत्र वितरणको प्रक्रिया :

क. परिचय पत्र प्राप्त गर्नको लागि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

ख. साठी वर्ष पुगेका कुनै पनि नागरिकले स्वयम् दस्तखत गरी गाउँपालिकामा निवेदन पेश गर्नु पर्नेछ ।

ग. परिचय पत्र वितरणको लागि नेपाली नागरिकताको प्रमाण पत्रलाई उमेर को आधार मानिनेछ ।

घ. परिचय पत्र वितरण गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारी हुनेछ । यस बुँदाको प्रयोजनार्थ सरल, सहज रुपमा सेवा प्रवाहको लागि यस गाउँपालिकाको प्रत्येक वडा स्थित वडा कार्यलयबाट वडा सचिवको दस्तखत हुने गरी परिचय पत्र वितरण गर्न सकिनेछ ।

१०. ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा : ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ अनुसूची ३ बमोजिमको ज्येष्ठ नागरिक परिचय पत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ । साथै ज्येष्ठ नागरिक परिचय पत्रको आकार नेपाली नागरिकता प्रमाण पत्रको आकार बराबरको हुनेछ ।

११. अभिलेख राख्नुपर्ने : परिचय पत्र वितरण गर्दा अनुसूची ३ बमोजिमको रेकर्ड किताब तयार गरी सो मा अभिलेख जनाइ फोटोमा प्रमाणित गरी वितरण गर्नु पर्नेछ ।

१२.दस्तुर : परिचय पत्र निशुल्क रुपमा वितरण गरिनेछ ।

१३. परिचय पत्र प्राप्त गर्ने: परिचय पत्र लिनको लागि स्वयम् निवेदक नै उपस्थित हुनुपर्नेछ ।

१४. सेवा प्रदान गर्ने समय र स्थान : निवेदन प्राप्त भएको दिनमा नै कार्यालय समय भित्र परिचय पत्र वितरण गरिनेछ ।

१५. प्रतिलिपि प्राप्त गर्न सक्ने : परिचय पत्रको प्रतिलिपि लिन सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

१६.संशोधनः यो कार्यविधि आवश्यकता अनुसार गाउँकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१७. विविध : यस कार्यविधिमा नतोकिएका अन्य कुराहरु गाउँकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**अनुसूची १**
**बुँदा नं. ९ को ख संग सम्बन्धित**
**परिचय पत्रको निवेदनको ढाँचा**

मिति .....................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
हुप्सेकोट गाउँपालिका
नवलपरासी (ब.सु.पू.)।

विषय : ज्येष्ठ नागरिक परिचय पत्र सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको ज्येष्ठ नागरिक परिचय पत्र वितरण कार्यविधि, २०७५ बमोजिम म ६० वर्ष पुरा भै सकेको हुँदा ज्येष्ठ नागरिक परिचय पत्र उपलब्ध गराइ दिनु हुन अनुरोध छ ।

निवेदक
नाम, थरः | ठेगानाः
संरक्षकः | पति/पत्नीको नाम, थरः
सम्पर्क नं. | दस्तखतः
रक्त समूहः | नियमित औषधि सेवन गरे नगरेको

अनुसूची २

**बुँदा नं. १० को संग सम्बन्धित**
**परिचय पत्रको ढाँचा**
**हुप्सेकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ज्येष्ठ नागरिक परिचय पत्र**

फोटो

नाम, थर
ना. प्र. नं.
ठेगाना :- जिल्ला नवलपरासी, गा. पा. हुप्सेकोट, वडा नं.:-....
प्रदेशः- गण्डकी, गाउँ टोलः-.................
जन्ममितिः-.................................. लिङ्गः-.............
उपलब्ध छुट तथा सुविधाः राज्यले प्रदान गर्ने सेवा सुविधा साथै यातायात र स्वास्थ्यमा ५०% छुट
पति पत्नीको नामः.............................................................





हेरचाह केन्द्रमा बसेको भए सोको विवरण.........................................
संरक्षकको नाम,थर मोबाइल नं..............................................
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरी रहेको औषधिको नामः

प्रमाणित गर्ने अधिकृतको
दस्तखत.................
नाम थर.........................
पद.................................
कार्यालय .................................
मितिः .............................

**अनुसूची ३**
**बुँदा नं. ११ संग सम्बन्धित**
**रेकर्ड किताबको ढाँचा**
**हुप्सेकोट गाउँपालिका**
**गाउँ कार्यपालिका**

| मिति | प्र.प.नं. | नाम थर | ठेगाना | जन्म मिति | ना.प्र.प.नं. | नाता | लिङ्ग | दलित | जनजाति | अन्य | वरिष्ठ ज्येष्ठ नागरिक | ज्येष्ठ नागरिक | असहाय ज्येष्ठ नागरिक | अशक्त ज्येष्ठ नागरिक | सहि छाप | फोटो | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | |

**आज्ञाले**
**हरि पंगेनी**
**प्रमुख प्रशासकीय अधिकृत**